# गरुडा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गरुडा, रौतहट

मधेश प्रदेश, नेपाल

**करारमा कर्मचारी पदपुर्तिको लागि दरखास्त आह्वान सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति २०८१।०४।०८**

गरुडा नगरपालिकाको लागि विभिन्न विषयगत शाखा तथा वडा कार्यालयहरुमा रहने गरी देहायका पदमा योग्य प्राविधिक कर्मचारी करार सेवामा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म गरुडा नगरपालिकाको **आन्तरिक राजश्व खाता २४१२०५०५२५९१८००८ मा** राजश्व तिरेको सक्कल रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसको फारम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध गराइनेछ ।

| सि.नं | विज्ञापन नं. | समूह | पद | श्रेणी | माग पद संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०१।०८१।०८२ | सिभिल ईन्जिनियरिङ | ईन्जिनियर | अधिकृत छैठौं | १ | १,५००। |
| २ | ०२।०८१।०८२ | | सब ईन्जिनियर | सहायक स्तर पाचौं | २ | १,००० |
| ३ | ०३।०८१।०८२ | | खा.पा.स.टे. (प्लम्वर) | सहायक स्तर चौथौं | १ | ७००। |
| ४ | ०४।०८१।०८२ | कृषि तथा पशु सेवा | पशु सेवा | सहायक स्तर चौथौं | १ | ७००। |
| ५ | ०५।०८१।०८२ | | कृषि सेवा | सहायक स्तर चौथौं | १ | ७००। |
| ६ | ०६।०८१।०८२ | सूचना प्रविधि | कम्पयुटर अपरेटर | सहायक स्तर पाचौं | १ | १,०००। |
| ७ | ०७।०८१।०८२ | | स.कम्पयुटर अपरेटर | सहायक स्तर चौथौं | २४ | ७००। |
| ८ | ०८।०८१।०८२ | मेकानिकल ईन्जिनियरिङ | हलुका सवारी चालक | श्रेणी बिहिन | ६ | ५००। |
| ९ | ०९।०८१।०८२ | | हेभी सवारी चालक | श्रेणी बिहिन | १ | ५००। |

१. **उमेर :** १८ वर्ष भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको तर सवारी चालकको हकमा उमेर हद नलाग्ने ।

२. **दरखास्त दिने स्थान :** गरुडा नगरपालिकाको कार्यालय गरुडा रौतहट

३. **दरखास्तदिने अन्तिम मिति :** सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्र र सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलि पल्ट कार्यालय खुलेको दिन ।

४. **परिक्षाको किसिम :**
   - (क) सिभिल इन्जिनियर समुह र कृषि तथा भेटेरिनरी समूहको लागि लिखित र अन्तर्वार्ता
   - (ख) कम्प्यूटर अपरेट र सवारी चालकको लागि लिखित, प्रयोगात्मक र अन्तवर्ता

०८१/०४/०८

मुहम्मद मुस्ताक आलम

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# गरुडा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गरुडा, रौतहट
मधेश प्रदेश,नेपाल

५. **आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु** : आवेदकले स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको छाँया प्रति

- नेपाली नागरिकताको प्रमाणपत्र को छाँया प्रति
- शैक्षिक योग्यताको लब्धाङक प्रमाण पत्र को छाँया प्रति
- चारित्रिक प्रमाण पत्रको छाँया प्रति
- २ (दुई ) प्रतिपासपोर्ट साईजको फोटो
- अनुभव खुल्ने प्रमाण पत्र

६. **परीक्षा मिति र परीक्षा केन्द्र** : पछि प्रकाशन गरिनेछ ।

७. **सम्पर्क मिति** : २०८१।०४।२५ गते

८. **सेवा सुविधा** : नगर कार्यपालिका वा नगर सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **छनौटको किसिम** : गरुडा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्वन्धि कार्यविधि, २०७९ बमोजिम छनौट समितिले निर्धारण गरेको मापदण्ड एवं कार्यविधि बमोजिम हुनेछ ।

१०. **शैक्षिक योग्यता** :

क. **ईन्जिनियर छैठौं स्तर** : मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा स्नातक तह उर्तिण गरेको वा सो सरह र नेपाल इन्जिनीयरिङ्ग परिषदबाट लाइसेन्स प्राप्त गरेको ।

ख. **सब ईन्जिनियर सहायक स्तर पाचौं** : मान्यताप्राप्त शिक्षण संस्थाबाट Diploma In Civil Engneering ३ वर्षे कोर्ष पुरा गरेको वा सो सरह उत्तिर्ण गरेको ।

ग. **खा.पा.स.टे.(प्लम्बर) सहायक स्तर चौथो** : CTEVT बाट प्लम्विङ्ग विषयमा T.S.L.C. उत्तिर्ण गरेको वा एस.ई.ई. वा सो सरह पास गरी प्लम्वीङ्ग सम्वन्धी कम्तिमा ३ महिने तालिम प्राप्त गरेको ।

घ. **पशु सेवा सहायक स्तर चौथो** : CTEVT बाट भेटेरीनरी विषयमा T.S.L.C. उत्तिर्ण गरेको वा एस.ई.ई. वा सो सरह पास गरी CTEVT बाट वा CTEVT बाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट भेटेरीनरी विषयमा १८ महिने तालिम प्राप्त गरेको ।

ङ. **कृषि सेवा सहायक स्तर चौथो** : CTEVT बाट कृषिविषयमा T.S.L.C. उत्तिर्ण गरेको वा एस.ई.ई. वा सो सरह पास गरी CTEVT बाट वा CTEVT बाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट कृषि विषयमा १८ महिने तालिम प्राप्त गरेको ।

च. **कम्पयुटर अपरेटर सहायक स्तर पाँचौं** : CTEVT बाट कम्प्यूटर विषयमा ३ वर्षे डिप्लोमाकोर्ष उत्तिर्ण भएको वा कम्प्यूटर विषय लिइ कक्षा १२ उर्तिण गरी १ वर्ष कार्य गरेको अनुभव भएको वाकक्षा १२ वा सो सरह उत्तिर्ण गरी ६ महिने कम्पयुटर सम्बन्धि तालिम प्राप्त गरेर २ वर्ष कार्य गरेको अनुभव भएको , अन्य योग्यता नेपाल सरकारले तोके अनुसार ।

छ. **सहायक कम्पयुटर अपरेटर सहायक स्तर चौथो** : एस.ई.ई. वा सो सरह उर्तिण गरी ६ महिने कम्पयुटर सम्बन्धि तालिम प्राप्त गरी एक वर्ष कार्य अनुभव प्राप्त गरेको ।

ज. **हलुका सवारी चालक ( श्रेणी बिहिन)** : सामान्य लेखपढ गर्न जानेको सवारी चालक अनुमतिपत्र प्राप्त गरेको । चालक अनुमतिपत्र नविकरण भएको र हाल ड्राइभिङ्ग गरिरहेको ।

झ. **हेभी सवारी चालक (श्रेणी बिहिन)** : सामान्य लेखपढ गर्न जानेको सवारी चालक अनुमतिपत्र प्राप्त गरेको । चालक अनुमतिपत्र नविकरण भएको र हाल ड्राइभिङ्ग गरिरहेको ।

८१/०४/०२

मुहम्मद मुस्ताक आलम
प्रमुख प्रशासकीय अधिकृत

मुहम्मद मुस्ताक आलम
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner